# नि:शुल्क एवं अनिवार्य बाल शिक्षा अधिकार अधिनियम 2009

भारत सरकारले वर्ष 2009 मा नि:शुल्क र अनिवार्य बाल शिक्षा कानुन बनाएको हो। यस कानुनद्वारा सबै नानीहरुलाई प्रारंभिक शिक्षा पूरा गर्ने अधिकार प्रदान गरिएको छ। यो कानुन छदेखि चौध वर्ष आयु पुगेका सबै बालक–बालिकाहरुमा समान रुपले लागु हुन्छ।

**प्रारंभिक शिक्षाको अर्थ** – पहिलो कक्षादेखि आठौं कक्षा सम्मको पढाई। छ देखि चौध वर्षका सबै बालक–बालिकालाई छेवैको स्कुलमा प्रवेश प्राप्त गर्ने अधिकार रहने छ। नयाँ नियम अनुसार निजी स्कुलहरुमा पनि हर कक्षामा केहि प्रतिशत आसन संरक्षणको व्यवस्था छ। यी आसनहरुमा अनुसूचित जाति, अनुसूचित जनजाति, पछाडिएका श्रेणी र अर्थिक रुपले कमजोर वर्गका बालक–बालिकाआको नाम दाखेल गर्न निजी स्कुलहरु बाध्य रहन्छन।

यो शिक्षा नि:शुल्क हुन्छ। कक्षा एकदेखि कक्षा आठ सम्मको शिक्षा पूरा हुन्जेलसम्म कुनै फीस वा कुनै प्रकारको खर्च बेहोर्न पर्दैन। कापी, किताब र स्कुलको ड्रेस पनि नि:शुल्क पाईन्छ।

**यो कानुनको लाभ कुन बालक–बालिकाले भेट्छन ?**

- यो कानुन छदेखि चौध वर्षका सबै बालक–बालिकामा समान रूपले लागु हुन्छ। अनुसूचित जाति जनजाति तथा सामाजिक व शैक्षिक रूपले पछाडिएका नानीहरु व अपांग बालक–बालिका हरुमाथि यो कानुन विशेष रुपले लागु हुन्छ।
- यदि छ वर्षभन्दा धैरै उमेरका नानीले स्कुलमा प्रवेश गरेको छैनभने वा पढ़ाई पूरा गरेको छैनभने यस्ता नानीलाई उसको उमेर अनुसार उचित कक्षामा नाम दाखेल गराईन्छ।
- यदि कोहि नानीले छ वर्षको उमेरपछि स्कुलमा नाम दाखेला गरायो भने ऊ चौध वर्ष पुगेपछि पनि प्रारंभिक शिक्षा पूरा गर्ने हकदार हुन्छ।

**एक स्थानबाट अर्को स्थान सरुवा हुँदा दोश्रो स्कुलमा प्रवेशको सुविधा :**

यदि कुनै कारणले कुनै बालक–बालिका एक स्थानबाट अर्को स्थान सरुवा हुन पर्‍यो भने सरुवा भएको स्थानको छेवैमा रहेको कुनै पनि सरकारी स्कुलमा प्रवेश गर्न सक्ने छन। प्रवेशको निम्ति कुनै जरुरी कागजात नभए पनि स्कुलमा प्रवेशको सुविधा प्रदान गरिन्छ।

**स्कुलको व्यवस्था :**

- शिक्षाको अधिकार कानुन लागु गर्नका लागि स्कुल स्थापित गर्नु सरकारको जिम्मेदारी हो।
- कक्षा एकदेखि कक्षा पाँचसम्मका नानीहरुका लागि एक किलोमिटर सीमा भित्रै विद्यालय स्थापित गर्नु पर्छ।
- कक्षा 6 देखि कक्षा 8 सम्मका नानीहरुका लागि 3 किलोमिटर सीमा भित्रै विद्यालय स्थापित गर्नु पर्छ।
- स्कुलमा गरीब वर्ग वा वंचित समूहका नानीहरुसित भेदभाव वा दुर्व्यवहार हुनुहुँदैन।

**स्थानीय सरकारको कर्तव्य :**

- 6 देखि 14 वर्षका उमेरका सबै नानीहरुलाई नि:शुल्क प्रारंभिक शिक्षा दिनु।
- छेउ छाउमा विद्यालय स्थापित गर्नु। चाहिएको खण्डमा अपांग नानीहरुको लागि वाहन उपलब्ध गराउनु।
- कमजोर वर्गका छात्र–छात्राहरुमाथि विशेष ध्यान दिनु। कक्षा, पिउने पानी, भोजन तथा खेल मैदानमा उनिहरुसित भेदभाव नहोस्। उनिहरुले कक्षा तथा शौचालयको सफाई गर्न नपरोस्।
- आफ्नो छैउ छाउ रहने 6 देखि 14 बर्ष उमेरका बालक–बालिकाको जानकारीको लेखा–जोखा राख्नु। 6 देखि 14 वर्ष उमेरका सबै बालक–बालिकालाई स्कुलमा दाखेल गराउनु।
- नानीहरु स्कुलमा प्रवेश, उपस्थिति र शिक्षा पूरा नहुन्जेलसम्म देख–रेख गर्नु।
- विद्यालयमा शिक्षक, भवन र सीक्ने सामग्री उपलब्ध गराउनु।
- जो परिवार सरुवा भएर आएको छ त्यस परिवारका नानीहरुलाइ पनि स्कुलमा दाखेल गराउनु।
- शिक्षकहरुलाई प्रशिक्षण दिने व्यवस्था गर्नु।
- नानीहरुको सुरक्षा र समस्याहरुको समाधान गर्नु।
- कमजोर वर्गका नानीहरुलाई समानताको अधिकार प्रदान गराउनु।

**माता–पिता र पालकहरुको जिम्मेदारी :**

प्रत्येक माता–पिता र पालकहरुले नानीहरुलाई छेउ छाउमा रहेको विद्यालयमा प्रवेश गराउनु आवश्यक छ। माता–पिता र पालकहरुको यो एउटा ठूलो जिम्मेदारी हो।

**विद्यालय प्रबंधन समिति :**

विद्यालयको व्यवस्थाको लागि एउटा समिति बनिन्छ, जस्लाई विद्यालय प्रबंधन समिति भनिन्छ। यो समिति निजी विद्यालयहरुमा गठित हुँदैन। समितिमा कम्तिमा पनि तीन चौथाइ सदस्य माता–पिता वा पालक रहने छन। समितिको प्रभारी माता–पिता या पालकहरु बिचकै कोहि एकजाना हुने छ।

**विद्यालय प्रबंधन समितिका जिम्मेदारीहरु :**

- विद्यालयका कामहरुको देख–रेख गर्नु।
- विद्यालय विकासको योजना तयार पार्नु।

- ❋ विद्यालयले प्राप्त गरेको धनको सदुपयोग होस् त्यस्को ध्यान राख्नु।
- ❋ विद्यालयका गतिविधिहरुमा सहयोग पुर्‍याउनु।

**विद्यालय विकासको योजना :**

विद्यालयमा चाहिए अनुसार योजना, प्रबंधन समितिले तयार पार्ने छ। यसको निम्ति विद्यालयको स्थितिलाई ध्यानमा राख्न आवश्यक छ। यसैको आधारमा पाठ्य-पुस्तक, ड्रेस वा अन्य आवश्यकीय सामग्रीहरुको निम्ति सरकारबाट धनराशि प्राप्त हुने छ। समय-समयमा प्रबंधन समितिले विद्यालयको विकास सम्बंधमा सरकारलाई परामर्श दिने छ। प्राप्त शिकायतहरु निराकरणको स्थिति बनाउने छ।

- ❋ यदि नानीहरुको नाम दाखेल गराउँदा कुनै विद्यालयले कुनै फीस वा खर्च लिएमा यो एउटा ठूलो दण्डनीय अपराध ठहरिने छ। प्रवेश वा दाखेल गराउँदा नानी वा पालकहरूले कुनै परीक्षा दिन आवश्यक छैन। परीक्षा लिएमा 25,000 रुपियाँसाम जुर्माना हुन सक्छ।
- ❋ कुनै बालक-बालिकाको उमेरको प्रमाणपत्र छैन भने पनि उस्लाई विद्यालयमा नाम दाखेल गर्नुमा रोक लगाउन सकिने छैन।
- ❋ शिक्षा सत्र सुरु भएपछि पनि यदि कुनै बालक-बालिकाले विद्यालयमा प्रवेश गर्न वा नाम दाखेल गराउन चाहे उसलाई रोक लगाउन सकिने छैन।
- ❋ बालक-बालिकालाई अनुत्तीर्ण गराइने छैन। साथै प्रारंभिक शिक्षा पूरा नहुंजेलसम्म विद्यालयबाट निकालिने छैन।
- ❋ कुनैपनि नानीलाई शारीरिक एवं मानसिक रुपले प्रताडित गरिने छैन।

**शालापूर्व शिक्षाको व्यवस्था :**

- ❋ तीनदेखि छ वर्षसम्मका नानीहरुको प्रारंभिक शिक्षाको तयारीका लागि शालापूर्व शिक्षाको जिम्मेदारी पनि स्थानीय सरकारको हो।

**पाठ्यक्रम र मूल्यांकन :**

- ❋ नानीहरुको शारीरिक र मानसिक योग्यताको विकास हुनेगरि पाठ्यक्रम तयार पारिने छ।
- ❋ नानीहरुले आफ्नो मातृभाषामा लेख्न-पढ्न सकून्।
- ❋ नानीहरुको सोच्ने, जान्ने-बुझ्ने शक्तिको विकास होस्।
- ❋ नानीहरुले सिकेको मूल्यांकन साथ-साथै होस्।
- ❋ 8 औं कक्षासम्म नानीहरुको कुनै बोर्ड परीक्षा हुने छैन।
- ❋ प्रत्येक नानीलाई (बालक-बालिकालाई) प्रारंभिक शिक्षा (कक्षा 1 देखि आठसम्म) पूरा भएपछि एउटा प्रमाण-पत्र प्रदान गरिने छ।

**शिकायत कहाँ, कसलाई गर्ने ?**

राज्य बाल संरक्षण आयोगले शिक्षाको अधिकार संबंधित शिकायतहरुको जांच गर्ने छ। कुनै पनि व्यक्तिले बालक-बालिकाको अधिकारसंग संबंधित शिकायत स्थानीय अधिकारीसित गर्न सक्छन्। स्थानीय अधिकारीले शिकायतको चाँडो भन्दा चाँडो सुनुवाई गर्ने छन। यदि व्यक्ति स्थानीय अधिकारीको निर्णयमा सन्तुष्ट नभए उसले राज्य बाल अधिकार संरक्षण आयोगमा अपील गर्न सक्छ।


सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**

**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in


साक्षर भारत

**कानुनी साक्षरता शृंखला-3**

# निःशुल्क एवं अनिवार्य बाल शिक्षा अधिकार अधिनियम 2009

